प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश नं.-१
विराटनगर, नेपाल

# प्रेस विज्ञप्ति

नेपाल सरकार गृह मन्त्रालय र प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालयको संयुक्त आयोजनामा मिति २०७६ भाद्र २८ र २९ गते प्रदेशस्तरीय सुरक्षा गोष्ठी प्रदेश नं.१ को विराटनगरमा सम्पन्न भयो । उक्त गोष्ठीको अध्यक्षता आन्तरिक मामिला तथा कानून मन्त्री माननीय हिक्मतकुमार कार्कीले गर्नु भएको थियो भने प्रमुख आतिथ्यता प्रदेश नं.१ का मुख्यमन्त्री माननीय शेरधन राईले गर्नु भएको थियो । गोष्ठीमा प्रदेश सरकारका प्रमुख सचिव श्री सुरेश अधिकारी, माननीय गृहमन्त्रीका सुरक्षा सल्लाहकार प्रा.डा.इन्द्रजित राई, गृह मन्त्रालयका सहसचिव श्री रामकृष्ण सुवेदी, श्री केदारनाथ शर्मा, श्री ईन्दु घिमिरे, राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागका महानिर्देशक श्री दिपक काफ्ले, आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव श्री हरिप्रसाद मैनाली, नेपाल प्रहरीका महानिरिक्षक श्री सर्वेन्द्र खनाल, सशस्त्र प्रहरी बल नेपालका महानिरीक्षक श्री शैलेन्द्र खनाल, राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक श्री गणेश अधिकारी, नेपाली सेनाका युद्धकार्य निर्देशनालयका प्रमुख श्री प्रभुराम शर्मा, नेपाली सेनाका पूर्वी पृतनापति श्री अनन्त कार्की, नेपाली सेनाका वाहिनीपतिहरु, प्रदेश स्थित सुरक्षा निकायका प्रमुखहरु, प्रदेश नं.१ का १४ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरु लगायत जिल्ला सुरक्षा समितिका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

गोष्ठीमा भाद्र २८ गते आन्तरिक मामिला तथा कानून मन्त्रालयका महाशाखा प्रमुख, राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागका महानिर्देशक, गृह मन्त्रालयका विपद व्यवस्थापन महाशाखा प्रमुख, प्रशासन तथा योजना महाशाखा प्रमुख, सुरक्षा समन्वय महाशाखा प्रमुख, राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक, सशस्त्र प्रहरी महानिरीक्षक, प्रहरी महानिरीक्षक र माननीय गृहमन्त्रीका सुरक्षा सल्लाहकारले प्रस्तुती राख्नुभएको थियो भने कार्यक्रमको अध्यक्षता गरिरहनुभएका माननीय आन्तरिक मामिला तथा कानून मन्त्रीको मन्तव्य सहित पहिलो दिनको कार्यक्रम समापन भएको थियो ।

दोश्रो दिन भाद्र २९ गते प्रदेश नं. १ का १४ वटै जिल्लाका जिल्ला सुरक्षा समितिका तर्फबाट प्रमुख जिल्ला अधिकारीहरुले आफ्नो जिल्लाको प्रस्तुती राख्नुभएको थियो भने आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव श्री हरिप्रसाद मैनालीले मन्त्रालयका तर्फबाट प्रस्तुती गर्नुभएको थियो । तत्पश्चात नेपाल सरकार गृह मन्त्रालयका तर्फबाट प्रवक्ता एवम् सहसचिव श्री रामकृष्ण सुवेदी, माननीय गृहमन्त्रीका सुरक्षा सल्लाहकार प्रा.डा.इन्द्रजित राई, नेपाली सेनाका युद्धकार्य निर्देशनालय प्रमुख श्री प्रभुराम शर्मा र प्रदेश सरकारका प्रमुख सचिव श्री सुरेश अधिकारीले मन्तव्य राख्नु भयो । गोष्ठीमा जिल्लाको शान्ति सुरक्षा र समग्र विषयमा गहन छलफल एवम् समीक्षा गरी भावी दिनहरुमा चाल्नुपर्ने कदमहरुका बारेमा ठोस निष्कर्षहरु प्रस्तुत भएका छन ।

गोष्ठीमा प्रमुख अतिथि माननीय मुख्यमन्त्री शेरधन राईले प्रदेश सरकारका प्राथमिकताहरु सुशासन, सुरक्षा व्यवस्थापन, विपद व्यवस्थापन लगायतका विषयहरुमा प्रदेश सरकार सँगको समन्वय र सहकार्यमा कार्य गर्न प्रमुख जिल्ला अधिकारीहरु लगायत सुरक्षा निकायहरुलाई आवश्यक निर्देशन दिनुभयो । त्यसैगरी कार्यक्रमको अध्यक्षता गरिरहनु भएका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय हिक्मतकुमार कार्कीले संघीय सरकार र प्रदेश सरकारले पहिलो पटक संयुक्त रुपमा सुरक्षा गोष्ठी आयोजना गरी समन्वय र सहकार्यको सुरुवात यस प्रदेशबाट भएको बताउनु हुँदै मन्त्रालयले गोष्ठीमा भएका छलफलबाट उठेका विषयहरु गम्भीरताका साथ कार्यान्वयन गर्ने र त्यसका लागि समन्वयात्मकरुपमा कार्यसम्पादन गर्न निर्देशन दिँदै गोष्ठीको समापन गर्नुभयो ।

कमल बहादुर थापा
प्रवक्ता
उपसचिव